


# तपाईंले नयाँ मेडिकेयर कार्ड पाउँदै हुनुहुन्छ !

## कार्डहरू अप्रिल २०१८ - अप्रिल २०१९ का बीचमा हुलाकबाट पठाइनेछ

तपाईंले सोध्नभयो, र हामीले सुन्यौं । तपाईंले नयाँ मेडिकेयर कार्ड (Medicare card) पाउँदै हुनुहुन्छ ! अप्रिल २०१८ र अप्रिल २०१९ का बीच, हामी तपाईंको मेडिकेयर कार्डहरूबाट सोसल सेक्युरिटी नम्बरहरू (Social Security Numbers) हटाउँदैछौं र प्रत्येक व्यक्तिलाई नयाँ कार्ड पठाउँदैछौं । यसले तपाईंको जानकारी बढी सुरक्षित राख्न मद्दत गर्छ र तपाईंको परिचयको सुरक्षा गर्न सघाउँछ ।

तपाईंले एउटा नयाँ मेडिकेयर नम्बर पाउनुहुनेछ, जुन तपाईंका लागि विशिष्ट हुन्छ, र यो तपाईंको मेडिकेयरले बेहोर्ने खर्चका लागि मात्र प्रयोग गर्न सकिन्छ । नयाँ कार्डले तपाईंको बेहोर्ने खर्च वा सुविधा बदलिँदैन । जब तपाईंको नयाँ कार्ड हुलाकबाट पठाइन्छ, तब तपाईंले मेडिकेयरबाट धेरै जानकारी पाउनुहुनेछ ।

## तपाईं कसरी तयार हुन सक्नुहुन्छ, यहाँ छ:

- तपाईंको पत्राचारको ठेगाना अद्यावधिक गरिएको टुङ्गो गर्नुहोस् । यदि ठेगाना सच्याउनुपर्ने भयो भने सोसल सेक्युरिटीलाई **ssa.gov/myaccount** वा १.८००.७७२.१२१३ (1.800.772.1213) मा सम्पर्क गर्नुहोस् । टिटिवाईका प्रयोगकर्ताले १.८००.३२५.०७७८ (1.800.325.0778) मा सम्पर्क गर्नुहोस् ।
- तपाईंको नयाँ मेडिकेयर कार्डका विषयमा तपाईंसँग सम्पर्क गर्ने कुनै पनि व्यक्तिप्रति सावधान रहनुहोस् । हामी तपाईंलाई तपाईंको नयाँ मेडिकेयर नम्बर तथा कार्ड प्राप्त गर्नका लागि व्यक्तिगत वा निजी जानकारी दिनुहोस् भनेर कहिल्यै पनि भन्दैनौं ।
- प्रत्येक व्यक्तिलाई नयाँ कार्ड पठाउन केही समय लाग्नेछ भनेर बुझ्नहोला । तपाईंको कार्ड तपाईंको साथीको वा छिमेकीको भन्दा फरक समयमा आइपुग्न सक्छ ।

CMS Product No. 12002-Nepali
September 2017